# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ८, संख्याः १०, पौष २६ गते, २०८१ साल


व्यास नगरपालिकाको नगर सभाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग १

# व्यास नगर प्लाष्टिकजन्य वस्तुको प्रतिबन्ध गर्ने सम्बन्धी ऐन (प्रथम संशोधन), २०८१

सभाबाट पारित मितिः २०८१।९।२६

व्यास नगर प्लाष्टिकजन्य वस्तुको प्रतिबन्ध गर्ने सम्बन्धी ऐन, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम व्यास नगरपालिकाको नगर सभाबाट व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुने गरी तपसिल बमोजिम संशोधन गरेको छ :

| सि.नं. | साविकमा भएको प्रावधान | संशोधन/थप गरिएको |
|---|---|---|
| १. | ऐनको दफा २ (झ) "प्लाष्टिकजन्य वस्तु" भन्नाले प्लाष्टिकबाट निर्मित झोला, कप, गिलास, प्लेट, चम्चा, काटा, प्लाष्टिकमा बेरिएका गुट्का, सूर्ती र पान मसला, प्लाष्टिकबाट निर्मित फुलहरु सम्झनु पर्छ । | "प्लाष्टिकजन्य वस्तु" भन्नाले नेपाल सरकारले तोकेका मापदण्ड विपरीतका प्लाष्टिकबाट निर्मित झोला, कप, गिलास, प्लेट, चम्चा, काटा, प्लाष्टिकमा बेरिएका गुट्का, सूर्ती र पान मसला, प्लाष्टिकबाट निर्मित फुलहरु सम्झनु पर्छ |
| २. | ऐनको दफा ३ (१) सार्वजनिक स्वास्थ्य, जनस्वास्थ्य तथा वातावरणीय संरक्षणलाई ध्यानमा राखी प्लाष्टिकजन्य वस्तुको उत्पादन, आयात, निर्यात, बिक्री वितरण, भण्डारण तथा प्रयोगमा रोक लगाइनेछ । | सार्वजनिक स्वास्थ्य, जनस्वास्थ्य तथा वातावरणीय संरक्षणलाई ध्यानमा राखी नेपाल सरकारले तोकेको मापदण्ड विपरीत प्लाष्टिकजन्य वस्तुको उत्पादन, आयात, निर्यात, बिक्री वितरण, भण्डारण तथा प्रयोगमा रोक लगाइनेछ । |
| ३. | ऐनको दफा ३ (३) प्लाष्टिक झोलाहरु जो पुनः चक्रण (Recycle) गर्न सकिने प्रकृतिका | प्लाष्टिक झोलाहरु जो पुनः चक्रण (Recycle) गर्न नसकिने प्रकृतिका हुने छन्, तिनीहरुको प्रयोगमा |

| सि.नं. | साविकमा भएको प्रावधान | संशोधन/थप गरिएको |
|---|---|---|
| | हुने छन्, तिनीहरुको प्रयोगमा नगरपालिकाले पूर्ण रुपमा रोक लगाउन सक्नेछ। | नगरपालिकाले पूर्ण रुपमा रोक लगाउन सक्नेछ। |
| ४. | ऐनको दफा ५ (१) (ज) प्लाष्टिक झोला, कप, प्लेट लगायत विस्थापन गर्न गलेर जानेखालका कपडा, कागज, जुट लगायतका वस्तुहरुको प्रयोग गरी झोला तथा पातका दुना टपरी उत्पादन गर्ने उद्योग खोल्ने उद्यमीलाई नगरपालिकाले आवश्यक प्रोत्साहन गर्ने कार्यक्रमहरु सञ्चालन गर्नेछ | नेपाल सरकारले तोकेको मापदण्ड विपरीतका प्लाष्टिक झोला, कप, प्लेट लगायत विस्थापन गर्न गलेर जानेखालका कपडा, कागज, जुट लगायतका वस्तुहरुको प्रयोग गरी झोला तथा पातका दुना टपरी उत्पादन गर्ने उद्योग खोल्ने उद्यमीलाई नगरपालिकाले आवश्यक प्रोत्साहन गर्ने कार्यक्रमहरु सञ्चालन गर्नेछ। |
| ५. | ऐनको दफा ६ (१) (क) संयोजक - उपप्रमुख<br>(ख) सदस्य - शहरी वडाका अध्यक्षहरु मध्ये -१ जना<br>(ग) सदस्य - वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक -१ जना<br>(घ) सदस्य - सम्बन्धित वडा समितिको वडा प्रतिनिधि - १ जना<br>(ङ) सदस्य - जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि - १ जना<br>(च) सदस्य - उद्योग वाणिज्य संघ र विभिन्न व्यवसायिक संघ संस्थाले तोकेको प्रतिनिधि -१ जना<br>(छ) सदस्य - वातावरण संरक्षण क्षेत्रमा काम गरिरहेका संघ संस्था र उपभोक्ता हित संरक्षण मञ्च मध्येबाट प्रमुखले तोकेको प्रतिनिधि - २ जना<br>(ज) सदस्य - पत्रकार महासंघको प्रतिनिधि - १ जना<br>(झ) सदस्य - नगर प्रहरी इञ्चार्ज - १ जना<br>(ञ) सदस्य सचिव - वन, वातावरण तथा सरसफाई शाखा प्रमुख - १ जना | (क) संयोजक - उपप्रमुख<br>(ख) सदस्य - वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक -१ जना<br>(ग) सदस्य - वडा नं.२, ३, ४ का वडा अध्यक्ष वा वडा सदस्य मध्येबाट - ३ जना<br>(घ) सदस्य - जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि - १ जना<br>(ङ) सदस्य - उद्योग वाणिज्य संघ दमौली बजार इकाइले तोकेको प्रतिनिधि -१ जना<br>(च) सदस्य - वातावरण संरक्षण क्षेत्रमा काम गरिरहेका संघ संस्था वा उपभोक्ता हित संरक्षण मञ्च मध्येबाट प्रमुखले तोकेको प्रतिनिधि - १ जना<br>(छ) सदस्य - पत्रकार महासंघको प्रतिनिधि - १ जना<br>(ज) सदस्य - व्यास नगरपालिकाको नगर प्रहरी प्रमुख - १ जना<br>(झ) सदस्य सचिव - वन, वातावरण तथा सरसफाई शाखा प्रमुख - १ जना |
| ६. | ऐनको दफा १० (१) (ग) प्लाष्टिक/पोलिथिन झोला उत्पादकलाई प्रथम पटक दुई हजार रुपैयाँ, दोश्रो पटक चार हजार रुपैयाँ र तेस्रो पटक छ हजार रुपैयाँ जरिवाना गरिनेछ। त्यसपछि पनि प्रयोग गरे नाम सार्वजनिक गरी दोब्बर जरिवाना गरिनेछ। | प्लाष्टिक/पोलिथिन झोला उत्पादकलाई प्रथम पटक तीन हजार रुपैयाँ, दोश्रो पटक पाँच हजार रुपैयाँ र तेस्रो पटक आठ हजार रुपैयाँ जरिवाना गरिनेछ। त्यसपछि पनि प्रयोग गरे नाम सार्वजनिक गरी दोब्बर जरिवाना गरिनेछ। |

| सि.नं. | साविकमा भएको प्रावधान | संशोधन/थप गरिएको |
|---|---|---|
| ७. | | ऐनको दफा १० (१) (ग) पछि (घ) थप निषेधित प्लाष्टिक झोला बिक्री गर्ने थोक बिक्रेतालाई प्रथम पटकको लागि दुई हजार रुपैयाँ, दोस्रो पटकको लागि चार हजार रुपैयाँ र तेस्रो पटकका लागि छ हजार रुपैयाँ जरिवाना गरी निषेधित झोला जफत गरिने छ । त्यस पछि पनि बिक्री गरेमा नाम सार्वजनिक गरी दोब्बर जरिवाना गरी निजको व्यवसाय दर्ता खारेज गरिनेछ । |

आज्ञाले
काशी राम गैरे
प्रमुख प्रशासकीय अधिकृत